Pranayan, Vol. 26, No. 8, 2025
ISSN (Print) : 2505-0818
Submitted Date : April 15, 2025
Accpted Date : June 05, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# नेपालमा सहकारी आन्दोलनः समाजवाद उन्मुख अर्थतन्त्रको वैकल्पिक आधार

**सूर्यबहादुर थापा, पी.एचडी.*/लालबहादुर ओली****


## सार संक्षेप

यस अध्ययनको मुख्य उद्देश्य सहकारीलाई समाजवाद उन्मुख आर्थिक प्रणालीको एक संक्रमणकालीन उपायको रूपमा विश्लेषण गर्नु हो । यस अध्ययनमा विभिन्न द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क र सूचनाहरूलाई व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । यस अध्ययनको निचोड अनुसार नेपालमा सहकारी अभियानको औपचारिक सुरूवात २००७ सालको राजनीतिक परिवर्तनपछि भएको हो भने, चितवनको शारदा नगरमा २०१३ सालमा स्थापना भएको बखान बहुउद्देश्यीय सहकारी संस्थालाई पहिलो सहकारीको रूपमा मानिन्छ । सहकारी प्रणाली समाजवाद उन्मुख आर्थिक संरचनाको एक संक्रमणकालीन रूप हो, जसले सदस्यहरूको सामूहिक श्रम, उत्पादन, र स्वशासनमार्फत आर्थिक र सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउँछ । सदस्यहरूको सामूहिक योगदान र श्रममा आधारित उत्पादनमुखी सहकारीहरू नेपालजस्ता विकासोन्मुख मुलुकहरूको वर्तमान आवश्यकता हुन्, जसले आर्थिक सशक्तीकरण, सामाजिक समावेशीकरण र स्वाभिमानी अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउन सक्छन् । नेपालको संविधानले सहकारीलाई समाजवाद उन्मुख अर्थनीतिको महत्त्वपूर्ण अङ्गको रूपमा मान्यता दिएको छ । मार्क्स, लेनिन, स्टालिन र माओले सहकारीलाई पूँजीवादबाट समाजवादतर्फको संक्रमणकालीन मोडका रूपमा व्याख्या गरेका छन् । यद्यपि, हाल सहकारीहरू उत्पादनमुखी भन्दा बढी बचत तथा ऋण सङ्कलनमा केन्द्रित हुँदा श्रमबिनाको फाइदामुखी प्रवृत्ति देखिन थालेको छ, जसले सहकारीको मूल मर्मलाई कमजोर बनाएको छ । मार्क्सवादी दृष्टिकोणले सहकारीलाई समाजवादतर्फको


* प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, शिक्षाशाश्त्र केन्द्रीय विभाग, कीर्तिपुर

** सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभाग, कीर्तिपुर, इमेलः lal.oli@cdg.tu.edu.np * (Corresponding Author)

संक्रमणकालीन प्रारूपका रूपमा मान्दै यसको सीमा पनि औंल्याएको छ–यो प्रणाली श्रमिक चेतना र स्वशासनको अभ्यासका लागि उपयोगी भए पनि पूँजीवादी बजार संरचनाभित्र सीमित रहने भएकाले पूर्ण समाजवादी लक्ष्यहरू प्राप्त गर्न पर्याप्त छैन । त्यसैले सहकारी उत्पादन प्रणालीलाई अन्तिम समाधान नभई समाजवादतर्फको एक चरणबद्ध अभ्यासका रूपमा बुझ्निनुपर्छ, जसलाई सफल बनाउन राज्यको स्पष्ट नीति, योजना, र संरचनात्मक परिवर्तनको आवश्यकता रहन्छ ।

*मुख्य शब्दहरू;* सहकारी, समाजवाद, उत्पादन प्रणाली, संक्रमणकालीन मोड, पुँजीवाद

## परिचय

सहकारी संस्था (Cooperative) भनेको समान उद्देश्य भएका मानिसहरू मिलेर आपसमा सहयोग र समान हितको आधारमा सञ्चालन हुने र लोकतान्त्रिक मान्यताको आधारमा सञ्चालित हुने एक सामाजिक र आर्थिक सङ्गठन हो । (International Cooperative Alliance [ICA], २०२३) । यसको मुख्य उद्देश्य नाफा होइन, सदस्यहरूको आर्थिक-सामाजिक उत्थान हो । यसमा सदस्यहरूको स्वेच्छिक सहभागिता हुन्छ र तिनीहरू संस्थाका मालिक तथा प्रयोगकर्ता दुबै हुन्छन् । सहकारी संस्था एक प्रकारको लोकतान्त्रिक सङ्गठन हो जुन "एक सदस्य, एक मत" को सिद्धान्तमा आधारित हुन्छ । यसको मुख्य उद्देश्य नाफा कमाउनु होइन, तर सदस्यहरूको सामाजिक तथा आर्थिक हित अभिवृद्धि गर्नु हो । योजनाबद्ध रूपमा उत्पादन सहकारी सञ्चालन गर्ने हो भने सहकारीहरूले गरिवी निवारण, रोजगारी सिर्जना, समावेशी विकास, महिला सशक्तिकरण, स्थानीय अर्थतन्त्रको सुदृढीकरण, र दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न ठुलो योगदान दिन सक्दछन ।

सहकारीको सबैभन्दा पुरानो इतिहास स्कटल्याण्डको फेनविक (Fenwick) भन्ने स्थानबाट सुरू भएको पाइन्छ । फेनविकमा सन् १७६१ मार्च १४ मा सिलाइ बुनाइको काम गर्ने स्थानीय श्रमिकहरूले हातले बुनेका बोराहरूमा राखेर व्यजल ध्बपिभच (जोन वाकर) नामक व्यक्तिको कोठाबाट सस्तो मूल्यमा अन्न बेच्न थालेका थिए र यसैबाट "फेनविक बुनकर समाज" को स्थापना भएको थियो (ICA, २०२३) । उन्नाइसौं शताब्दीको मध्यतिर पश्चिम युरोप, उत्तर अमेरिका र जापानमा समुदायमा आधारित साना स्तरका धेरै सहकारीहरू संस्थाहरू स्थापना भएको पाइन्छ । यसो भएता पनि सन् १८४४ मा स्थापना भएका Rochdale Pioneers लाई नै आधुनिक सहकारी संस्थाहरूको संस्थापक मानिन्छ । सन् १८४४ मा इंग्ल्यान्डको रोचडेलमा २८ जना कामदारले Rochdale Society of Equitable Pioneers स्थापना गरे । उनीहरूले सहकारीका ७ सिद्धान्तहरू प्रतिपादन गरे, जुन आज पनि सहकारीहरूको मार्गदर्शक बनेका छन् । रोचडेल पायनियर्सले पारदर्शिता, लोकतन्त्र, समानता र सदस्यको सहभागितामा आधारित व्यापार सञ्चालन गरे । सहकारी संस्थाहरू शुरूमा औद्योगिक क्षेत्रका मजदुरहरू बिच लोकप्रिय भएतापनि हाल यसको क्षेत्र कृषि, वित्त, आवास, उपभोक्ता सेवा, स्वास्थ्य, र शिक्षा जस्ता विभिन्न क्षेत्रहरूमा विस्तार भएको छ । यो आन्दोलनको महत्त्व विस्तार हुदै गर्दा सन् १९४८ मा सहकारी सङ्गठनहरू संयुक्त राष्ट्र सङ्घको FAO (Food and Agriculture Organization) अन्तर्गत मान्यता प्राप्त संस्था बने । सन् २०१२ लाई संयुक्त राष्ट्रसङ्घले "अन्तर्राष्ट्रिय सहकारी वर्ष" समेत घोषणा गरेको थियो भने यसै वर्ष सन् २०२५ लाइ पुनः Cooperatives Build a Better World भन्ने नाराका साथ "अन्तर्राष्ट्रिय सहकारी वर्ष" मनाउने घोषणा गरेको छ ।

अध्ययनको मुख्य उद्देश्य सहकारीलाई समाजवाद उन्मुख आर्थिक प्रणालीको एक संक्रमणकालीन उपायको रूपमा विश्लेषण गर्नु हो । यस मूल उद्देश्यलाई प्राप्त गर्नका लागि निम्न विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका छन्ः

१. नेपालमा सहकारीहरूको आभियानको कानूनी आधार विश्लेषण गर्नु ।

२. नेपालमा सहकारी आन्दोलनको विकासक्रमको अध्ययन गर्नु ।

३. सहकारी उत्पादन प्रणाली र समाजवादी उत्पादन प्रणालीको अन्तरसम्बन्ध अध्ययन गर्नु ।

## अध्ययन विधि

यो लेख मुलतः द्वितिय तथ्याङ्कमा आधारित छ । यसमा सहकारी ऐनहरू एवं सहकारी सम्बन्धित सन्दर्भ पुस्तकहरू, कार्यालय प्रतिवेदन, र जर्नलहरू अध्ययन गरिएको छ । विभिन्न द्वित्तीय स्रोतबाट प्राप्त तथ्याङ्क र सुचनाहरूलाइ ब्याख्यात्मक विधीबाट विश्लेषण र व्याख्या गरिएको छ ।

## छलफल र विश्लेषण

### नेपालमा सहकारीको अभियानको कानूनी आधार

नेपालमा सहकारी अभियानको सङ्गठित अभ्यास सहकारी सम्बन्धी कार्यकारी आदेश, २०१३ जारीभए पश्चात भएको मानिन्छ । सहकारी सम्बन्धी पहिलो ऐन वि. पी. कोइरालाको समयमा वि. सं. २०१६ सालमा जारी भएको हो । पंचायती व्यबस्थाको शुरूवात भएपछि सहकारीलाई साझा संस्थाको रूपमा रूपान्तरित गरियो । सहकारी ऐनको सट्टा साझा संस्था ऐन, २०४१ लागू गरिएको थियो । वि. सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुन स्थापना भएपछि सहकारी अभियानले थप गति लियो । जस अनुसार साझा संस्था ऐनलाई सहकारी ऐन, २०४८ र सहकारी नियमावली २०४९ ले प्रतिस्थापन गरेको थियो । २०७२ सालमा बनेको नयाँ गणतान्त्रिक संविधानमा सहकारी, निजी र सार्वजनिक गरी तीन खम्बे अर्थतन्त्र भन्ने उल्लेख गरियो । वि. सं. २०७४ मा सहकारी ऐन, २०४८लाई खारेज गरेर सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ जारी गरिए । सहकारी ऐन २०७४ को प्रस्तावनामा यसको उद्देश्य स्पष्टसँग उल्लेख गरिएको छ । जस अनुसार सहकारी मूल्य, मान्यता र सिद्दान्त अनुरूप देशका कृषक, कालीगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता बिचमा छरिएर रहेको पूजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गदै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वाशाशित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मूख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने कुरा उल्लेख गरिएको छ (नेपाल सरकार सहकारी क्षेत्र सुझाव सुधार कार्यदल, २०८०) ।

मुलुक सङ्घीयतामा रूपान्तरण भए पछि सहकारी सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहको अधिकार क्षेत्र अन्तर्गत राखिएकाले प्रदेश तथा स्थानीय सरकारहरूले आआफ्ना क्षेत्रमा सहकारी कानुन निर्माण गरी कार्यान्वयन गरिरहेका छन् । सङ्घ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्र भित्रका बचत तथा ऋणको

मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न २०८१ मा एक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था गरिएको छ ।

**नेपालमा सहकारी आन्दोलनको विकास**

नेपालमा वि. सं. २००७ अघिसहकारी अभियान औपचारिक रूपमा प्रचलनमा थिएन । स्थानीय समुदायमा आपसी सहयोग, पर्म प्रथा, धर्म भकारी (पारस्परिक श्रम विनिमय)र गुठी प्रथा जस्ता सहकार्यका परम्परागत रूपहरू भने विद्यमान थिए । नेपालमा सहकारी अभियानको औपचारिक सुरूवात वि. सं. २००७ सालको राजनैतिक परिवर्तन पछिमात्र भएको हो । नेपालमा पहिलो सहकारी संस्था कुन हो भन्ने बारेमा फरक फरक तथ्याङ्क प्रस्तुत भएको पाइन्छ । कसैले वि. सं. २००७ पुर्व नै बनेपामा सहकारी संस्थाहरू स्थापित भएको उल्लेख गरेको पनि पाइन्छ (तिमिल्सिना, २०२४) । तर सरकारी अभिलेखहरू अनुसार चितवन जिल्लाको शारदानगरमा २०१३ साल चैत २० गते स्थापना भएको "बखान बहुउद्देश्यीय सहकारी संस्था" लाइ नेपालको पहिलो सहकारी संस्थाको रूपमा मानिएको छ । त्यसैले यसको स्थापना भएको दिनलाई सहकारी दिवस मनाउने गरिएको छ (सहकारी क्षेत्र सुझाव सुधार कार्यदल, २०८०) ।

सहकारी संस्थाहरूले विश्वभरका धेरै देशहरूमा सकारात्मक प्रभाव पारेका छन् । सबैभन्दा राम्रो प्रभाव पारेको देशहरूको सूचीमा फिनल्यान्ड, स्वीडेन, केन्या, भारत, फिनल्यान्ड, नर्वे, र स्वीडेनलगायतका देशहरू पर्दछन (ICA, २०२३) । फिनल्यान्डको अर्थतन्त्रमा सहकारी प्रणालीले गहिरो र सकारात्मक प्रभाव पारेको छ । यो प्रभाव केवल ग्रामीण विकास वा सामाजिक न्यायमा मात्र सीमित छैन, बरू राष्ट्रिय उत्पादन, रोजगारी, वित्तीय स्थायित्व, रसमान पहुँच सुनिश्चित गर्नेमा यसको भूमिका महत्त्वपूर्ण छ ।फिनल्यान्डको खुद्रा व्यापार (retail trade)को झन्डै ४६ प्रतिशत सहकारीहरूले धान्छन् । त्यहा ८० प्रतिशत भन्दा बढी जनसङ्ख्या सहकारीका सदस्य रहेका छन् । सन् २०२२ मा फिनल्यान्डको न्ए मा सहकारीहरूको योगदान करिव २४ प्रतिशत रहेको थियो (ICA, २०२३) ।सहकारी संस्थाहरूले सकारात्मक प्रभाव पारेका देशहरूमा नेपाल पनि पर्दछ । अर्थ मन्त्रालयबाट प्रकाशित हुने आ.व. २०८१/८२ को आर्थिक सर्वेक्षण अनुसार नेपालमा २०८१ फागुनसम्म सहकारी संस्थाको सङ्ख्या ३२ हजार ९ सय ६५ रहेको छ । यस अवधिमा शेयर सदस्य सङ्ख्या १ करोड ९ लाख ५ हजार १ सय ९२ र शेयर पुँजी १ खर्व ४३ अर्व २९ करोड रहेको छ । यस क्षेत्रमा ११ खर्व २५ अर्व २८ करोड वचत परिचालन भै ९ खर्व २३ अर्व ४७ करोड बराबरको रकम कर्जा प्रवाह भएको छ । नेपालको कूल गार्हस्थ उत्पादन (GDP) मा सहकारी क्षेत्रको योगदान लगभग ३ प्रतिशत रहेको छ (पौडेल, २०७९) छ । यस क्षेत्रले करिव १ लाख जनालाई रोजगारी प्रदान गरेको छ ।

**सहकारी आन्दोलनल वैकल्पिक आर्थिक प्रणालीको रूपमा**

पुँजीवादी उत्पादन प्रणालीले श्रमको शोषण गर्दै नाफालाई अधिकतम बनाउन प्रयत्न गर्दछ । तर यसको ठिक उल्टो समाजवादी उत्पादन प्रणालीले श्रमलाई सम्मान गर्दै सामाजिक कल्याणलाइ अधिकतम बनाउन प्रयत्न गर्दछ । यदि सहकारीलाई यसको मूल मर्म अनुसार प्रयोग गर्ने हो भने यसले पुँजीवादी उत्पादन प्रणालीको विकल्पमा समाजवाद उन्मुख आर्थिक प्रणालीको विकास गर्न सहयोग पुऱ्याउँछ । पुँजीवादबाट समाजवादतर्फ प्रस्थानको लागि यो एक संक्रमणकालीन व्यवस्था हो । तर द्वन्दात्मक भौतिकवादी दृष्टिकोण अनुसार पुँजीवादी उत्पादन प्रणालीबाट समाजवादी उत्पादन प्रणाली

तर्फको संक्रमणकाल सोचे जस्तो छोटो हुँदैन, यस संक्रमणलाई अल्पकालीन सोचको रूपमा नभएर दीर्घकालीन सोचको रूपमा लिनु पर्दछ किनभने लामो समय लागेर स्थापित भएका पुँजीवादी समाजका प्रमुख विशेषताहरू एकै पटक निर्मुल पार्न सकिन्न ।

सहकारी उत्पादन प्रणालीले पुँजीवादी उत्पादन प्रणालीको विकल्पमा समाजवाद उन्मुख आर्थिक प्रणालीको विकास गर्न सहयोग पुरयाउछ भन्ने पक्षमा मार्क्स, लेनिन तथा समकालीन अन्य विद्वानहरूले समेत आफ्नो अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ । स्वयम् मार्क्सले विभिन्न समयमा आफूलाई सहकारी संस्थाहरूको पक्षमा रहेको घोषणा गरेका थिए किनभने मार्क्सले सहकार्य (cooperation) लाई पुँजीवादलाई विस्थापित गर्ने नयाँ उत्पादन प्रणालीको रूपमा हेरेका थिए । मार्क्सद्वारा परिकल्पना गरिएको उत्पादक सहकारीहरूको प्रणाली एक त्यस्तो प्रणाली हो जहाँ श्रमिकहरू 'आफै मालिक' (Mill, १८७१) बन्नेछन् र त्यहाँ पुँजीका मालिकहरूबाट उत्पादन क्रियाकलापको बारेमा निर्णय गर्ने शक्ति खोसिएको हुनेछ । यो प्रणाली 'आधुनिक विज्ञानको नियम अनुसार र पुँजीवादभन्दा अझ प्रभावकारी छ किनभने यो पुरानो उत्पादन प्रणालीको भित्र स्वतः उत्पन्न हुने नयाँ, सुधारिएको र दक्ष उत्पादन संबन्ध हो । लेनिनले पनि सहकारीतालाई समर्थन गरेको पाइन्छ । उनले यति सम्म भनेका छन् कि "हामीले यदि सहकारी संस्थालाई सर्वहारा अधिनायकत्वअन्तर्गत विकास गर्न सक्यौँ भने, त्यो समाजवाद निर्माणको एक अत्यन्तै सरल, सहज र सस्तो उपाय हुनेछ (Lenin, १९२३) । स्टालिनको दृष्टिकोणमा समाजवादको तर्फको यात्रामा सहकारी संस्था (Cooperative Organization) को भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । उनले किसानहरूलाई समाजवादी अर्थतन्त्रमा समावेश गराउने रणनीतिक उपायका रूपमा सहकारीहरूलाई हेरेका थिए । सहकारी भनेको केवल स-साना किसानको मिलन होइन, उनीहरूको निजी सम्पत्तिको अन्त्य गर्ने उपायहो (Stalin, १९३०) । माओत्सेतुङ (Mao Zedong, १९५५) को दृष्टिकोणमा सहकारी संस्थाहरूको परिचालन चीनको समाजवादी रूपान्तरणमा अत्यन्तै महत्त्वपूर्ण कदम थियो । उनले सहकारीतालाई कृषि क्षेत्रमा समाजवाद निर्माणतर्फको चरणबद्ध प्रक्रियाको रूपमा प्रयोग गरे । तर, स्टालिनको जस्तै, माओले पनि सहकारीतालाई क्रमशः अनिवार्य सामूहिकीकरणमा रूपान्तरण गरे । उनले यो प्रक्रियालाई "निम्न स्तरको सहकारीता" बाट "उच्चस्तरको सामूहिक खेती"मा लैजाने योजना अनुसार अगाडि बढाए ।

समाजवादी अर्थशास्त्रीहरूले सिद्धान्तीकृत गरेका उत्पादक सहकारीहरू केवल गैर-पुँजीवादी फर्महरू मात्र होइनन बरू तिनीहरू त साँच्चिकै समाजवादी फर्महरू पनि हुन किनकि पुँजीवादी फर्महरूको तुलनामा यी सहकारीहरूले पुँजी-श्रम सम्बन्धलाई उल्ट्याउँछन् र स्पष्ट रूपमा यस्ता सहकारीहरूले पुँजीवादी बजार अर्थतन्त्रको तुलनामा वास्तविक मार्क्सवादी दृष्टिकोणमा आधारित उत्पादन प्रणाली स्थापित गर्नमा ठूलो योगदान गर्नेछन । जहाँ श्रमिकहरू 'आफै पूँजीपति' हुन्छन्, यस्ता सहकारीहरू स्वभाविक रूपमा पूंजीवादी र समाजवादी संस्थाको बिचको मध्यवर्ती रूपका रूपमा छन् । सहकारीको संबन्धमा चर्चा गर्दै पूँजी (Capital) को तेस्रो खण्डमा "कामदारहरूको पक्षबाट सहकारीहरूको विकास गर्दा पुँजीपतिहरूको नाफाको श्रोत "अतिरिक्त मूल्य" सिर्जना नहुने विश्वाश" मार्क्सले गरेका छन् (Marx, १८९४) । जसले स्पष्ट रूपमा देखाउँछ कि मार्क्सले उत्पादक सहकारीहरूमा आधारित प्रणालीलाई पुँजीवादको तुलनामा नयाँ र श्रेष्ठ उत्पादन मोडको रूपमा हेरेका थिए । माथिको छलफलबाट यो निष्कर्ष मा पुग्न सकिन्छ कि अहिलेको सन्दर्भमा एक प्रभावकारी उत्पादक सहकारीहरूको प्रणाली यस्तो समाजवादी उन्मुख व्यवस्था हो, जसले पुँजीवादी उत्पादन प्रणालीको सट्टा समाजवाद उन्मुख चिन्तनसँग मेल खाने वैकल्पिक उत्पादन प्रणालीको विकास गर्दछ । यस्तो सहकारी प्रणालीमा श्रमिकहरू

शोषित हुँदैनन्; बरू, तिनीहरू आफ्नै स्वामित्वमा रहेका संस्थाहरूमा स्वतन्त्रतापूर्वक काम गर्दा खुसी महसुस गर्नेछन् । तर पछि मार्क्सवादीहरू दुई फरक समूहमा विभाजित भएको देखिन्छ : एउटा समुहले मार्क्सवादी सन्दर्भमा समाजवादलाई आत्म-व्यवस्थापनमा आधारित संस्थाहरूको प्रणालीसँग जोड्छन् भने अर्को समूहले समाजवादलाई राज्य नियोजित आदेशमुखी अर्थतन्त्रसँग तुलना गर्छन् (Selucky, १९७४) ।

**४.४ सहकारी उत्पादन प्रणाली र समाजवादी उत्पादन प्रणालीको अन्तरसम्बन्ध**

सहकारी उत्पादन प्रणाली समाजवादीहरूको अन्तिम उत्पादन प्रणाली होइन, बरू यो समाजवाद उन्मुख उत्पादन प्रणालीको एक संक्रमणकालीन स्वरूप मात्र हो । मार्क्सवादी सिद्धान्त अनुसार, उत्पादन सम्बन्धमा आमूल परिवर्तन आवश्यक हुन्छ, जुन केवल सहकारीहरूको विस्तारबाट सम्भव हुँदैन । सहकारी प्रणालीले सामाजिक स्वामित्व र श्रमिक स्वशासनतर्फको अभ्यासको आभास त दिन सक्छ, तर यसले पूँजीवादी संरचनाको सम्पूर्ण विस्थापन गर्न सक्दैन ।

मार्क्सवादीहरूले सहकारी उत्पादन प्रणालीलाई अन्तिम उत्पादन प्रणाली (ultimate mode of production) मानेका छैनन् । यसको कारण मार्क्सवादी सिद्धान्तको मूल संरचना, विशेषतः ऐतिहासिक द्वन्दात्मक भौतिकवाद (historical dialectical materialism) मा पाइन्छ । यस सिद्धान्त अनुसार, समाजको विकास उत्पादक शक्तिहरू (forces of production) र उत्पादन सम्बन्धहरू (relations या production) बिचको द्वन्दात्मक अन्तर्क्रियाले निर्धारण गर्छ (Marx, १८६७) ।

उत्पादक शक्तिहरू (forces of production) भनेका उत्पादनका साधनहरू हुन्, अन्य वस्तु तथा सेवा उत्पादन गर्न यिनीहरूको प्रयोग हुन्छ । परम्परागत रूपमा उत्पादनका साधनहरू भनेका जमिन, श्रमिक, पुँजी र उद्यमशीलता हुन् । मार्क्सवादी सिद्धान्त अनुसार उत्पादन सम्बन्ध (Relations of Production)भनेको कुनै पनि समाजमा उत्पादनका साधनहरूको स्वामित्व, नियन्त्रण, र उपयोग कसरी गरिन्छ भन्ने नियम (औपचारिक वा अनौपचारिक) सँग सम्बन्धित छ । अर्थात्, मानिसहरूले वस्तुहरू उत्पादन गर्दा आपसमा राख्ने आर्थिक सम्बन्धहरू नै उत्पादन सम्बन्ध हुन् । यसलाई कानूनले निर्धारण गरेको हुन्छ । पुँजीवादी आर्थिक संरचना भएको समाजमा यी नियम कानूनहरू पुँजीपतीहरुकै पक्षमा हुन्छन । यी उत्पादक शक्तिहरू र उत्पादन सम्बन्धहरू सँगसँगै अन्तर्क्रियात्मक रूपमा रहेका हुन्छन : उत्पादक शक्तिहरू उत्पादन सम्बन्धहरूको आधारमा उत्पादनशिल काममा संलग्न हुन्छन । मार्क्सवादी सिद्धान्त अनुसार उत्पादक शक्ति उत्पादन सम्बन्ध भन्दा छिटो परिवर्तन हुन्छ । एकातिर उत्पादन प्रविधिको विकास छिटो हुन्छ : मानिसहरूले नयाँ ज्ञान, सीप र दक्षता तीव्र रूपमा सिक्छन् भने अर्कोतिर उत्पादन सम्बन्धको परिवर्तन सुस्त हुन्छ : यो समाजको आर्थिक-सामाजिक संरचनासँग गाँसिएको हुनाले यसले वर्गीय हित प्रतिनिधित्व गर्छ र शासक वर्गले आफ्नो हितमा आधारित उत्पादन सम्बन्ध जोगाउन चाहन्छ । उत्पादक शक्तिहरूमा श्रम, पूँजी, प्रविधि र ज्ञान आउँछ भने उत्पादन सम्बन्ध भन्नाले उत्पादनका साधनहरू कसको स्वामित्वमा छन्, कसरी प्रयोग गरिन्छ र ती सम्बन्धहरू कसको हितमा कार्यान्वयन हुन्छ भन्ने निर्धारण गर्दछ । ऐतिहासिक भौतिकवाद भन्छ कि जब उत्पादन सम्बन्ध पुरातन रहन्छन् र ती विकासोन्मुख उत्पादन शक्तिहरूसँग मेल खाँदैनन्, तब समाजमा वर्ग सङ्घर्ष उत्पन्न हुन्छ जसले नयाँ सामाजिक संरचना निर्माण गर्छ (Marx, १८५९) । यसरी उत्पादन सम्बन्धहरू परिवर्तन हुँदै जाँदा आदिम साम्यवाद, दासप्रथा, सामन्तवाद, पूँजीवाद हुँदै समाजवाद र अन्ततः साम्यवादमा पुग्ने विचार वैज्ञानिक समाजवादले लिएको हुन्छ । तर सहकारी प्रणालीमा उत्पादनका साधनहरू सामूहिक

रूपमा स्वामित्वमा हुन्छन्, र उत्पादन प्रक्रिया मजदूरहरू समेत मिलेर सञ्चालन भएको हुन्छ । यो प्रणाली पूँजीवादी प्रणालीको विकल्पको रूपमा प्रस्तुत हुन्छ, जहाँ श्रमिकहरू मालिक बन्न सक्छन तर सम्पूर्ण राज्य संरचनाको परिवर्तन बिना समाजवाद सम्मको यात्रा अधुरो हुन्छ ।

मार्क्सको भनाइमा सहकारी उत्पादन आफूमा कुनै उद्देश्य होइन, तर "पुँजीवादमा आधारित आर्थिक आधारहरूलाई उखेल्नको लागि एक उत्तोलक (leaver_ हो" । यो त घरेलु उत्पादन प्रणालीलाई व्यवस्थित गर्ने एक यस्तो साधन हो जुन समग्र योजना अनुरूप हुनु पर्दछ (Marx, १८७१) । Easton (१९९४) ले यसलाई स्पष्ट पार्दै भन्छन् कि मार्क्सले सहकारी संस्थाहरूलाई "कम्यूनको साँच्चिकै लोकतान्त्रिक संस्थाको आर्थिक सहायक" को रूपमा हेरेका थिए । तर, यस प्रणालीले पूँजीवादी उत्पादनको अराजकता–नाफा मूलक स्वचालित निर्णय, बजार अनिश्चितता, असमान वितरण जस्ता समस्याहरूलाई पूर्ण रूपमा अन्त्य गर्न सक्दैन ।

त्यसैले, मार्क्सवादी दृष्टिकोणले सहकारी प्रणालीलाई एक संक्रमणकालीन संरचना जुन श्रमिक चेतना, स्वशासन, र आर्थिक समानताको अभ्यासका लागि उपयोगी छ–को रूपमा मूल्याङ्कन गर्छ । तर यो अन्तिम लक्ष्य होइन । वास्तविक समाजवाद भनेको योजनाबद्ध उत्पादन, पूर्ण सामाजिक स्वामित्व, वर्गहीन समाज र श्रमिक-केन्द्रित उत्पादन संरचना हो, जुन अझ गहिरो संरचनात्मक परिवर्तनद्वारा सम्भव हुन्छ (Lenin, १९२३; क्तबष्लि, १९३०; Mao Zedong, १९५५) ।

मार्क्सवादी सिद्धान्तअनुसार, सहकारी संस्थाहरूले पुँजीवादका केही मुख्य दोषहरू–विशेषगरी उत्पादनको अराजक प्रकृति र सामान्य रूपमा बजार अर्थतन्त्रका सबै कमजोरीहरूलाई निरन्तरता दिन्छन् । पुँजीवादमा उत्पादनको अराजक प्रकृति भन्नाले उत्पादन प्रक्रिया योजनाबद्ध नभइ नाफा कमाउने उद्देश्यले स्वतःस्फूर्त रूपमा सञ्चालन हुने प्रणालीलाई जनाउदछ । यसको अर्थ उत्पादनको निर्णयहरू पुँजीपतिहरूले व्यक्तिगत रूपमा आफ्नो नाफा बढाउने हिसाबले लिन्छन्, नकि समाजको समग्र आवश्यकता अनुसार यसले उत्पादनमा असन्तुलनः कहिले अति उत्पादन त कहिले अभाव हुनगइ बजारमा अनिश्चितता वा आर्थिक सङ्कटहरू जन्माउन सक्छ र यसले बेरोजगारी र सामाजिक असमानता तथा विद्रोहहरू निम्त्याउँछ । त्यसैले सहकारी संस्थाहरूलाई मार्क्सवादीहरुले उत्पादन प्रणालीको अन्तिम सत्य मानेका छैनन् । यसको विकल्प स्वरूप समाजवादी सोचले केन्द्रीय रूपमा योजनाबद्ध उत्पादन प्रणालीको प्रस्ताव गर्छ, जसले जनताको आवश्यकता र समुचित वितरणमा जोड दिन्छ ।

## निष्कर्ष

माथिको विश्लेषणबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि सदस्यहरूको सामुहिक योगदान र सामूहिक श्रममा आधारित उत्पादन मुलक सहकारीहरू अहिलेको आवश्यकता हुन् । प्रत्येक स्थानीय तहमा आवश्यकता अनुसार यस्ता सहकारीहरू स्थापना गर्दा सामुहिकताको भावना पनि विकास हुने, सदस्यहरूलाई आर्थिक सङ्कटबाट पनि संरक्षण गर्ने हुन्छ । यसले स्वाभिमानी अर्थतन्त्रको विकासमा योगदान गर्दछ सहकारी उत्पादन प्रणालीले नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा आर्थिक सशक्तीकरण, सामाजिक समावेशीकरण र श्रमिक स्वामित्वको अभ्यासलाई प्रवर्द्धन गर्दै पूँजीवादी आर्थिक संरचनाको केही सीमाहरू हटाउने सम्भावना देखाएको छ । पारम्परिक सामूहिक सहकार्यको अभ्यासमा आधारित सहकारी संस्थाहरूले सामूहिक पूँजी सङ्कलन, रोजगार सिर्जना, सेवाप्रवाह, उत्पादन र उपभोगमा

लोकतान्त्रिक सहभागिता जस्ता कार्यमार्फत समाजवादी सोचसँग मेल खाने आधार तयार पारिरहेका छन् । विशेषगरी नेपालमा सङ्घीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहमा सहकारी कानुन र नियमन व्यवस्था कार्यान्वयन हुँदै गएको सन्दर्भमा सहकारी आन्दोलनले आर्थिक रूपान्तरणतर्फको चरणबद्ध बाटो खोल्ने आशा गरिए पनि सहकारीहरूलाई उत्पादन मुलक काममा प्रयोग गर्नुको सट्टा बचत सङ्कलन गर्ने र उक्त बचतलाइ गैर उत्पादन मुलक क्षेत्रमा लगानी गरी श्रम विनाको फाइदा लिने काम गरियो जसले गर्दा सहकारी मार्फत उत्पादन तथा रोजगारीमा सोचे जस्तो सकारात्मक योगदान देखा परेन ।

मार्क्सवादीहरूले सहकारी उत्पादन प्रणालीलाई समाजवाद उन्मुख आर्थिक प्रणालीको विकास गर्न सहयोगी मान्दछन । सहकारीहरूले मजदूरहरूको चेतना विकास र स्वशासनको अभ्यासका रूपमा राम्रो योगदान गर्न सक्दछन । तर, यो पूँजीवादी संरचनाभित्रै सीमित हुने भएकोले यसलाई अन्तिम उत्पादन प्रणाली ठान्दैनन् । सहकारी संस्थाहरू पूँजीवादी बजार प्रणालीको सीमामा रहेर नै सञ्चालन हुने भएकाले, योजनाबद्ध उत्पादन, सामाजिक स्वामित्वको विस्तार र वर्गविहीन समाज निर्माण जस्ता समाजवादी लक्ष्यहरू पूरा गर्न पर्याप्त हुँदैनन् । सहकारी प्रणाली श्रमिक स्वशासन, समान पहुँच र आर्थिक न्यायको अभ्यासको माध्यम त बन्न सक्छ, तर पूर्ण समाजवादी प्रणाली स्थापनाको लागि राज्यस्तरको योजनाबद्ध हस्तक्षेप, उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व, र श्रमकेन्द्रित मूल्य संरचनाको विकास आवश्यक हुन्छ । त्यसैले सहकारी प्रणालीलाई समाजवादतर्फको संक्रमणकालीन मोडलका रूपमा बुझिनुपर्छ, अन्तिम लक्ष्यको रूपमा होइन ।

## सन्दर्भ सामाग्रीहरू


Easton, L. D. (1994). Marx and individual freedom .In Patsouras, L. (ed.), *Debating Marx*. New York, Lewiston.

International Cooperative Alliance. (2023). *World cooperative monitor 2022*. https://monitor.coop.

Lenin, V. I. (1923). *On cooperation, collected works, (Vol 33)*. Progress Publishers.

Mao Zedong (1955), *On the question of agricultural cooperation*. Unknown Binding.

Marx, K. (1859). A contribution to the critique of political economy. In K. Marx & F. Engels (Eds.), *Collected works (Vol. 29)*. Progress Publishers.

Marx, K. (1867). *Capital (Vol. I)*. Progress Publishers

Marx, K. (1871). The civil war in France. In K. Marx & F. Engels (Eds.), *Collected works (Vol. 22)*. Progress Publishers.

Marx, K. (1894). *Capital (Vol. 3, D. Fernbach, Ed.)*. Progress Publishers.

Mill, J. S. (1871). Principles of political economy (W. J. Ashley, Ed.). *Longmans*. Green, and Co.

Stalin, J. V. (1930). *Dizzy with success: Concerning questions of the collective-farm movement*. Pravda.

Selucky, R. (1994). Marxism and self management. In A. Nove & I. D. Thatcher (Eds.), *Markets and socialism (pp. xx–xx)*. Edward Elgar Publishing. (Original work published 1974).

तिमिल्सिना, मोतीराम (२०२४, August–9), इतिहासमा पहिलो सहकारी स्थापना गर्ने "बनेपा", चेष्टा (Cheshta Weekly: E–Paper): https://cheshtaweekly.com.np/CW/public/news/१/६२२०

नेपाल सरकार सहकारी क्षेत्र सुझाव सुधार कार्यदल (२०८०), *सहकारी क्षेत्र सुझाव सुधार कार्यदलको प्रतिवेदन ।*

पौडेल, अच्युत प्रसाद (२०७९, श्रावण ३१), सहकारी कमाउने कि गुमाउने?, *khabarhub:* E–Paper. https://khabarhub.com/२०२२/१६/४२२५७९/